नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

पत्र संख्या:
चलानी नम्बर:
प्राप्त पत्र संख्या र मिति:

मिति २०७७/०६/०१

## जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी गरिएको सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको चं.नं. ८५२ मिति २०७७/०५/३१ को पत्रानुसार प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।२९ गतेको बैठकको निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउनुहुन देहाय अनुसारको सूचना जारी गरिएको छ ।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहायबमोजिम हुने गरी मिति २०७७/०६/०१ देखि सञ्चालन गर्ने ।
   क. सिट क्षमताको ५० प्रतिशत यात्रु रहने ।
   ख. भौतिक दुरी कायम हुने गरी एक पङ्क्तिको सिटमा १ जना मात्र यात्रु राख्ने । सिटमा बाहेक यात्रु राख्न नपाउने ।
   ग. सबै यात्रुले मास्क लगाउने ।
   घ. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने ।
   ङ. चालक तथा सहचालकले मास्क, भाइजर र पन्जा लगाउने ।
   च. सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने ।
   छ. यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने ।
   ज. सार्वजनिक यातायत सञ्चालन र यात्रु व्यवस्थापनसम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने ।
   झ. सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफाबमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मादण्डको कडाइका साथ पूर्ण पालना भए नभएको अनुगमन यातायात व्यवस्थापन विभाग, यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने/गराउने ।

२. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट कोभिड-१९ को सङ्क्रमण जोखिमको विश्लेषणका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सम्बन्धित जिल्लाभर वा जिल्लाको कुनै भागमा मात्र लागू हुने गरी आवश्यकता अनुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले आवश्यक व्यवस्था गर्न सक्ने ।

३. मिति २०७७ असोज १ गतेदेखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेन्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने । होटल, रेष्टुरेन्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्दा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड कडाइका साथ पूर्ण पालना भए नभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अनुगमन गर्ने ।

०७७/०६/०१
तुलसी भट्टराई
स.प्र.जि.अ.

०३७-५२०१३३ प्र.जि.अ.
०३७-५२०१३१ स.प्र.जि.अ.
०३७-५२०१३२ प्रशासन
०३७-५२०१८२ फ्याक्स
Website: daookhaldunga.moha.gov.np
Email: daookhaldhunga@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

पत्र संख्या:
चलानी नम्बर:
प्राप्त पत्र संख्या र मिति:

४. उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षालगायतका बैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाई कार्यलाई निरन्तरता दिने ।

५. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

६. देहायबमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने ।

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र);
ख. शैक्षिक र अन्य परीक्षा सञ्चालन;
ग. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार;
घ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
ङ. सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;
च. सैलुन, व्यूटिपार्लर तथा स्पा;
छ. स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब;
ज. समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति;
झ. अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्राम्भिक चरणका खेल;
ञ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
ट. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

७. दफा ५ बमोजिमका सेवा र कार्यहरु बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिकलगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने । यसरी मापदण्ड पालना भए नभएको अनुगमन गर्ने दायित्व सम्बन्धित नियमनकारी निकायको हुने ।

८. यस आदेशमा उल्लेख भएको बाहेक अन्य विषयमा नेपाल सरकारबाट समय-समयमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएका आदेशहरुबमोजिम हुने ।

९. नेपाल सरकारले जारी गरेको आदेश र लागू गरेका व्यवस्थापनहरूको पालना गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार कार्यमा साथ दिनु भएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । जनस्वास्थ्यको रक्षाका लागि यात्रा गर्दा वा पेसा व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य र सुरक्षाका सबै मापदण्डहरू कडाइका साथ पूर्ण पालना गर्न/गराउन नेपाल सरकार हार्दिक अपिल गर्दछ ।

नोटः यस कार्यालयबाट मिति २०७७/०५/२४ गते जारी गरिएको जिल्ला सदरमुकाम क्षेत्रमा सवारी साधन, बजार पसल, बैंक तथा वित्तिय संस्था व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था अर्को सूचना नभएसम्मको लागि यथावत रहेको समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

२०७७/०६/०१

तुलसी भट्टराई
स.प्र.जि.अ.

०३७-५२०१३३ प्र.जि.अ.
०३७-५२०१३१ स.प्र.जि.अ.
०३७-५२०१३२ प्रशासन
०३७-५२०१८२ फ्याक्स

Website: daookhaldunga.moha.gov.np
Email: daookhaldhunga@gmail.com